आज मिति २०८१ साल फागुन २२ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को नवौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पन्त | प्रशासकीय अधिकृत | |
| २ | कल्पना पौडेल रेग्मी | लेखा अधिकृत | |
| ३ | [illegible] खनाल | इन्जिनियर | |
| ४ | सुमन न्यौपाने | अमिन | |
| ५. | सुजन मिश्र | सू. प्रे. अ. | |

## नगर-कार्यपालिकाको मिति २०८१/११/२२ गतेको आ.व. २०८१/८२ को नवौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/१०/२५ गते बसेको आ.व २०८१/८२ को आठौं बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो । नगरपालिकाको हाल सम्मको खर्च प्रगति न्यून रहेकोले योजना/कार्यक्रम कार्यान्वयनलाई तिव्रता दिई समयमै भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २**

संघ तथा प्रदेश सरकार सँग समेत लागत साझेदारीमा वडा नं २ र ५ को वडा कार्यालय भवन निर्माण तथा स्वास्थ्य मन्त्रालयको सहयोगमा तार्कुकोट स्वास्थ्य चौकीको भवन निर्माणको लागि श्रोत सुनिश्चित हुने गरी प्रचलित नियमानुसार हुने गरी बहुवर्षीय ठेक्का प्रणाली मार्फत निर्माण कार्य गर्न स्वीकृति दिने । साथै वडा नं २, वडा नं ५ र वडा नं ८ को भवन निर्माणको लागि जग्गा दाताबाट निशुल्क जग्गा उपलब्ध गरेको अवस्थामा जग्गाको नामसारी गर्दा लाग्ने सम्पूर्ण कर रकम, लेखापढी लगायत नामसारी प्रकृयामा लागेको खर्च नगरपालिकाको विविध चालु शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं ३**

यस नगरपालिका भित्र तपशिल अनुसारका क्षेत्रहरुमा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) जम्मा भई सो वरपरका बस्ती तथा खेतीयोग्य जग्गाहरु विपदको जोखिममा भएको हुँदा उक्त घाटहरुवाट नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) हटाई खोला च्यानलाईज गरी व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समिति लमजुङ सँग अनुमति माग गर्ने ।

तपशिल

१. सु.न.पा ६ र ५ ग्याग्दी खोला दोभान घाट
२. सु.न.पा ५ खहरे खोला दोभान घाट
३. सु.न.पा ६ पाँउदी खोला अर्चले सिमखेत घाट
४.सु.न.पा ६ पाँउदी खोला नमुना अस्पताल झरी ढुङ्गा घाट
५. सु.नु.पा ९ मर्स्याङ्दी नदी बेलघारी घाट
६. सु.न.पा ९ मर्स्याङ्दी नदी फुलबारी घाट
७. सु.न.पा १० पाँउदी खोला कोइरालाफाँट देखी काडेपानी सम्म

**निर्णय नं ४**

विपद सम्वन्धी राहत, पुनर्स्थापना तथा पुन निर्माण कार्यलाई व्यवस्थित गर्न विपद व्यवस्थापन कार्यविधिको मस्यौदा तयार गर्न विषयगत समितिलाई सैद्धान्तिक स्वीकृति दिने ।

**निर्णय नं ५**

नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई प्रभावकारी बनाउन एवम् करदाताको सुविधालाई ध्यान दिई राजस्व परामर्श समितिको सिफारिस बमोजिम व्यवसाय दर्ता/नविकरणको कार्य वडाबाट हुने व्यवस्था मिलाउने । प्रचलित कानून र नगरपालिकाको आर्थिक ऐन बमोजिम कर संकलन गर्न राजस्व शाखा, वडा कार्यालय लगायत सबै संयन्त्रहरुलाई सक्रिय बनाउने र करदातामा सूचना प्रवाह र करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

**विविध प्रस्तावहरुको निर्णय**

क) वित्तीय संघीयता तथा स्थानीय योजना विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग द्वारा आयोजना गरिएको अभिमुखिकरण कार्यक्रमबाट प्राप्त जानकारीको विषयमा कार्यपालिकामा छलफल गरियो ।

ख) यस नगरपालिका वडा नं १० धुसेनीमा रहेको सौभाग्य सदन मा.वि.मा प्रविधिमैत्री शिक्षाको लागि सूचना प्रविधि प्रयोगशालाको निर्माणका लागि रु ५८ लाख लाग्ने देखिएको हुँदा वजेट व्यवस्थापनको लागि सम्वन्धित निकायमा योजना माग सिफारिस गर्ने ।

ग) यस नगरपालिकाको एक मात्र वैदिक पाणिनी गुरुकुल भित्र शिव पाञ्चायन मन्दिर निर्माणका लागि सम्बन्धित निकायमा योजना माग सिफारिस गर्ने निर्णय गरियो ।

घ) यस नगरपालिका अन्तर्गत चन्द्रेश्वर (दुराडाँडा) क्षेत्रमा वहुवर्षिय कृषि उत्पादन तथा पशुपालन पकेट विकासका लागि प्रस्ताव बमोजिमको कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा योजना माग सिफारिस गर्ने निर्णय गरियो ।

ङ) गत वर्षायाममा परेको अविरल वर्षाको कारण सु.न.पा ७ मजुवा टोल क्षत्रे पुल वरपरको क्षेत्र पहिरोले क्षति पुगेको र सो क्रो कारण त्यस वरपरका वस्तिहरु र खेती योग्य जमिन थप जोखिममा रहेको हुँदा सु.न.पा ७ मजुवा टोल क्षत्रे पहिरो व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकार सँग लागत साझेदारी गर्ने गरी विपद व्यवस्थापन शिर्षकवाट रु १० लाख विनियोजन गर्ने ।

च) अन्नपूर्ण टोल खाडल व्यवस्थापन योजनाका लागि प्राविधिक लागत अनुमान बमोजिम रु ८० हजार विविध पूँजिगत शिर्षकबाट विनियोजन गर्ने ।

२०८१/११/२२

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख